# थुलुङ (राई) सामा - युके को
# बिधान सन् = २०११/तथा बि. स. २०६८

**प्रस्ताबनाः-**

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, र बहुसाँस्कृतिक देश हो । आदिमकालदेखि स्वदेश तथा बिदेशमा बसोबास गर्ने बहुजातीय भित्रका "प्राचिन जाती" आदिबासी मुलबासी भुमिपुत्र किराँत समुदाय मध्यका एक छुट्टै थरी, छुट्टै भाषि, किराँत धर्मि थुलुङ (राई) समुदाय परम्परागत आफ्नो मौलिक, साँस्कृतिक र भाषिक पहिचानलाई जीवन्त राख्दै आई रहेको एउटै भाषि, एउटै धर्मि थुलुङ (राई) हरुलाई एउटै जातीय सामाजिक सँस्थामा आबद्ध गर्दै विभिन्न जात जाति, आदिबासी जनजातिहरुसँग आपसी सहयोग, सद्भाब र सहकार्य गरी यस थुलुङ (राई) समुदायको भाषा, धर्म, कला, साहित्य, सँस्कार, साँस्कृति र इतिहाँसको खोज अनुसन्धान, लेखन तथा सँरक्षण, सम्बर्द्धन र बिकास गर्दै जातीय राजनैतिक हकअधिकार सहितको एक समृद्ध जातिको रुपमा बिकास गर्ने महान लक्ष्यलाई पुरा गर्ने बेलायतबासी सम्पुर्ण थुलुङ (राई) हरुको एक साझा सँगठन "थुलुङ (राई) सामा युके" लाई एकताको केन्द्ध बिन्दु बनाई व्यबस्थित गर्नकोलागि यो बिधान निर्माण गरि लागु गरिएको छ ।

## परिच्छेद :- १: बिधानको नाम र प्रारम्भः-

**धारा - १: सँक्षिप्त नाम र प्रारम्भः**

**कः** संस्थाको नाम "थुलुङ (राई) सामा - युके" र छोटकरीमा (थुरासा) युके तथा अंग्रेजीमा "Thulung {Rai} Society" छोट्करीमा {TRS – UK} हुँने छ ।

**खः** यो बिधानको नाम "थुलुङ (राई) सामा युके" को बिधान सन् २०११/तथा बि. स. २०६८ हुँने छ ।

**गः** यो बिधान प्रथम राष्टिय सम्मेलनद्धारा पारित भए पछि लागु हुँने छ ।

**धारा -२: कार्यलयः-**

संस्थाको कार्यलय कार्यक्षेत्रको अनुकुल हुँने गरी संयुक्त अधिराज्य बेलायतको जुन सुकै ठाँउमा राख्न सकिने छ ।

**धारा - ३: परिभाषाः- बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो बिधानमाः-**

**कः** "थुलुङ (राई)" भन्नाले नेपालमा प्राचीनकालदेखि बसो - बास गरी आएका र बिदेशमा समेत बसो - बास गरी आफ्नो जातीय परम्परा, संस्कार र सांस्कृतिको पालन गर्दै आईरहेका "थुलुङ (राई भाषी" "थुलुङ (राई)" हरुको समुदायलाई जनाउँद छ ।

**खः** "राइ" भन्नाले नेपालका बिबिध जातिहरु मध्येका एक प्राचीन जाति आदिबासी भुमि पुत्र किरांत धर्मि किरांत राई समुदायलाई जनाउँद छ ।

**गः** "सामा" भन्नाले थुलुङ राई समुदाय भित्र थुलुङ राई भाषामा समुदाय (समाज) भन्ने जनाउँद छ ।

**घः** "बिधान" भन्नाले "थुलुङ (राई) सामा - युके" को बिधान सन् - २०११ तथा बि. स. - २०६८ लाई जनाउँद छ ।

**ङः** "Thulung {Rai} Society" {TRS – UK} भन्नाले थुलुङ (राई) सामा - युके को अंग्रेजीमा उल्था गरिएको जनाउँद छ ।

**चः** "कार्य समिति" भन्नाले यस बिधान बमोजिम गठित गुलुङ (राई) सामा युके को प्रारम्भिक, जिल्ला तथा क्षेत्रिय र केन्दीय कार्य समितिलाई जनाउँद छ ।

**छः** "राष्ट्रिय सम्मेलन" भन्नाले यस विधानको धारा - ११ (घ) बमोजिम आयोगजना गरिने "राष्ट्रिय सम्मेलन" लाई जनाउँद छ ।

**ज:** "निर्बाचन" भन्नाले यस बिधान अन्तर्गत गठन हुने विभिन्न कार्य समितिहरुको निर्बाचनलाई जनाउँद छ ।

**झ:** "सदस्य" भन्नाले यस बिधान अन्तर्गत विभिन्न किसिमका सदस्यता प्राप्त व्यक्तिहरुलाई जनाउँद छ ।

**ञ:** "नियम/बिनियम" भन्नाले यस बिभान अन्तर्गतको कार्य समितिले बनाइ लागु गरिएका नियम/बिनियमहरुलाई जनाउँद छ ।

**ट:** "संयोजक" भन्नाले यस बिधान अन्तर्गत गठन गरिने सभा, बिभाग तथा अन्य अस्थायी वा स्थायी प्रकृतिका समिति, कार्यदल आदिका प्रमुखहरुलाई समेत जनाउँद छ ।

**ठ:** "सम्मेलन" भन्नाले यस बिभान अन्तर्गत प्रारम्भिक, जिल्ला, तथा क्षेत्रिय र राष्ट्रिय सम्मेलनलाई जनाउँद छ ।

**ड:** "बिभाग" भन्नाले यस बिधान अन्तर्गत गठन गरिने विभिन्न विभागहरुलाई जनाउँद छ ।

**ढ:** "अधिकार प्रत्यायोजित ब्यक्ति" भन्नले यस बिधान बमोजिम प्रारम्भिक, जिल्ला तथा क्षेत्रिय र केन्द्धीय कार्य समितिहरुको कुनै कामकोलागि अधिकार दिई खटाईएका ब्यक्ति वा प्रतिनिधिहरुलाई जनाउँद छ ।

**ण:** "सभा" भन्नाले थुलुङ (राई) सामा - युके को प्रारम्भिक, जिल्ला तथा क्षेत्रिय र केन्द्धीय सभालाई जनाउँद छ ।

**त:** "पदेन सदस्य" भन्नाले थुलुङ (राई) सामा - युकेको बिधान बमोजिम निर्बाचनको निष्चित प्रकृया पुरा गरी निर्बाचित सदस्यहरु बाहेकका समिति वा अन्य सदस्यहरुलाई जनाउँद छ ।

**थ:** "संस्था" भन्नाले थुलुङ (राई) सामा - युके लाई जनाउँद छ ।

**द:** "परिषद" भन्नाले थुलुङ (राई) भाषाको संरक्षण र सम्वर्द्धनको समन्वयात्मक बिकासको लागि गठन गरिने भाषा तथा साहित्य परिषदको समिति वा विभागलाई जनाउँद छ ।

**ध:** "पदाधिकारी" भन्नाले विभिन्न कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, महा-सचिब, सचिब, कोषाध्यक्ष, सह-कोषाध्यक्ष, र अन्य सदस्यहरुलाई जनाउँद छ ।

**धारा - ४: संस्थाको चिन्ह, छाप, झण्डा र शपथ ग्रहण :-**

यस संस्थाको चिन्ह, छाप, झण्डा र शपथ ग्रहणहरु केन्द्धीय कार्यसमितिले निर्णय गरी तोके बमोजिम हुँने छ वा थुलुङ ( राई) सामा - युके ले राष्ट्रिय अन्तर्राष्ट्रयको समजदारीमा निर्णय गर्ने छ ।

## परिच्छेद - २: उदेश्य:-

**धारा - ५: उदेश्य:-** थुलुङ (राई) सामा युके को उदेश्यहरु देहाय बमोजिम हुँने छन् ।

**क:** सम्पुर्ण थुलुङ (राई) हरु एकताको केन्द्र बिन्दु भई थुलुङ (राई) हरुको भाषा, लिपि, धर्म, कला, सांस्कृति र ईतिहांसको गहन खोज अनुसन्धान, लेखन तथा संरक्षण र सम्बर्द्धन गर्दै जाने र सो कार्य गर्नेलाई सहयोग पुऱ्याउँने ।

**ख:** आदिबासी भुमि पुत्र थुलुङ (राई) जातिमा तत्सम्बन्धी अधिकारको जन चेतना अभिवृद्धि गर्ने ।

**ग:** नेपाली मुलका अन्य आदिबासी तथा जनजातिका संघ संस्थाहरु बीच पारसपारिक सहयोग तथा सद्भाब अभिवृद्धि गर्दै बृहत एकताको साथै संस्कृतिको निर्माण जस्ता प्रभाबकारी कार्यहरुमा एकाबद्धताको सहयोगको आदान - प्रदान गर्ने ।

**घ:** थुलुङ (राई) हरुको बंशावली खोज गरी त्यसलाई पुस्तकको रुपमा प्रकाशन गर्ने (कारणहरु ३ पुष्ताको बंशावली खोज गरी संसार भरिनै लागु गरिएको हुदा)

**ङ:** बिभिन्न संघ संस्थाहरुसंग मिलि वा आफैले गोष्ठि, सभा, सम्मेलन र बिबिध बिषयको प्रतियोगिताहरुको आयोजना गरी पुरष्कारहरु र छात्र बृतिको कोष स्थापना गर्दै जाने ।

**च:** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आदि बासी जनजातीय उत्थानमा कृयशील र सामाजिक संघ/संस्थाहरु बीच सम्पर्क गरी सहयोग आदन - प्रदान गर्ने ।

**छ:** राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ संघ/संस्थाहरुसंग सहयोग लिई शिक्षा, स्वास्थ्य, आर्थ्कि, सामाजिक स्तर उठाउँनको लागि बिबिध कार्यक्रमहरुको आयोजना गर्दै जाने ।

**ज:** जैबिक तथा भुस्वामित्व, प्राकृतिक श्रोत साधनहरुमा थुलुङ (राई) हरुको हक - अधिकार स्थापित गर्न पहल गर्दै जाने ।

**झ:** संयुक्त अधिराज्य बेलायत बाहिर बसोबास गर्ने थुलुङ (राई) हरुले आफ्नो **जातीय,** बिकास र एकताको लागि स्थापित संघ/संस्थाहरुसंग समन्वय राखी अन्तराष्ट्रिय सम्पर्क समिति निर्माण गरि थुलुङ (राई) हरुको धर्म संस्कृति, पहिचान साथै राजनितिक हक अधिकारको चेतना अभिबृद्धि गराँउने ।

**ञ:** थुलुङ्ग (राई) थरीको हक अधिकार प्राप्तिको लागि कृयशील हुने ।

## परिच्छेद - ३; सदस्यता सम्बन्धि ब्यबस्थाः-

**धारा - ६:** सदस्यको योग्यताः- थुलुङ्ग (राई) सामा - युके को बिधान स्वीकार गरी १८ बर्ष उमेर पुगेका थुलुङ्ग (राई) सामा - युके को सेवा गर्न ईच्छुक नेपाली मुलका नागरिक जो सुकैले पनि सदस्यता प्राप्त गर्न सक्ने छन् । साथै परिवारका श्रीमतीले र १८ बर्ष उमेर नागेका सबै बालिक मत प्राप्त नानीहरु समेतले लिन पाउने छन् ।

**धारा - ७:** सदस्यताको प्रकार:- यस संस्थाबाट देहाय बमोजिमको सदस्यता प्राप्त गरिने छ ।

**क:** साधारण सदस्यता ।

**ख:** आजीबन सदस्यता ।

**ग:** संरक्षक सदस्यता ।

**घ:** बिशिष्ट संरक्षक सदस्यता ।

**धारा - ८:** सदस्यता शुल्क र प्राबधानहरु-: सदस्यता शुल्क र प्राबधानहरु देहाय बमोजिमका सदस्यता प्रदान गरिने छ ।

**क:** "साधरण सदस्यता शुल्क" = £१०.०० तिरी प्रत्यक ३ बर्षको लागि साधरण सदस्यता प्राप्त गर्न सकिने छ । त्यसपछि पुन हरेक ३ बर्षमा शुल्क £१०.०० तिरी अनिबार्य नबिकरण गर्नु पर्ने छ ।

**ख:** "आजीवन सदस्यता शुल्क" = £५०.०० तिरी संस्थाको नीति र कार्यक्रम प्रति समर्पित रहि योग्यता ब्यक्तिहरु यस संस्थाको आजीवन सदस्यता बन्न सक्ने छन् ।

**ग:** "संरक्षक सदस्यता शुल्क" = £१००.०० तिरी यस संस्थाको लागि आर्थिक, सामाजिक, कार्यक्रमहरुमा महत्वपूर्ण योगदान पुर्याउनु हुंने बिधिन्न ब्यत्तिहरुलाई थुलुङ्ग (राई) सामा - युके केन्द्रिय कार्या समितिको बैठकले निर्णय गरेको ब्यत्तिहरुलाई यस संस्थाको संरक्षक सदस्यता प्रदान गर्ने छ ।

**द्रष्ट्रब्यः-**

१: आफ्नो कार्य ब्यवस्थाले संस्थामा आबघ्दा हुन नसकिने तर यस संस्था प्रति आर्थिक, सामाजिक कार्यक्रमहरुमा महत्वपूर्ण योगदान पुर्याउनु हुने बिभिन्न ब्यक्तिहरुलाई थुलुङ्ग (राई) सामा - युके केन्द्रिय कार्यसमितिले निर्णय गरि संरक्षक सदस्यता प्रदान गर्ने छ । बिभिन्न ब्यत्तिहरुलाई "थुलुङ्ग (राई) सामा - युके" केन्द्रिय कार्यसमितिले निर्णय गरि संरक्षक सदस्यता प्रदान गर्ने छ ।

२: "थुलुङ्ग (राई) सामा - युके" को सम्पुर्ण सदस्य महानुभावहरुको हीतलाई ध्यानमा राखि संरक्षक दस्यता शुल्क (किस्ता - किस्ता) गरेर पनि यस संस्थाको संरक्षक सदस्यता बन्न सकिने प्रावधान राखिएको ।

**घः** “बिशिष्ट संरक्षक सदस्यता शुल्क” = £२००.०० तिरी यस संस्थाको लागि आर्थिक, सामाजिक, धार्मिक, तथा शैक्षिक क्षेत्रमा महत्वपूर्ण योदान पुऱ्याउनु हुने विभिन्न व्यक्तिहरुलाई थुलुङ्ग (राई) सामा - युके केन्दीय कार्यसमितिको बैठकले निर्णय गरेको व्यक्तिहरुलाई यस संस्थाको बिशिष्ट संरक्षक सदस्यता प्रदान गर्ने छ ।

**द्रष्ट्रब्यः-**

**१ः** आफ्नो कार्य ब्यबस्थाले संस्थामा आबद्ध हुन नसकिने, तर यस संस्था प्रति आर्थिक, सामाजिक, धार्मिक तथा शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने र यस संस्थाको “बिशिष्ट संरक्षक सदस्यता” बन्नलाई रुचि र ईच्छा भएका बिभिन्न ब्यक्तिहरुलाई “थुलुङ्ग (राई) सामा - युके” केन्द्रिय कार्यसमितिको बैठकले निर्णय गरि यस संस्थाको “बिशिष्ट संरक्षक सदस्यता” प्रदान गर्ने छ ।

**२ः** “थुलुङ्ग (राई) सामा - युके” का सम्पूर्ण सदस्य महानुभाबहरुको हीतलाई ध्यानमा राखि “बिशिष्ट संरक्षक सदस्यता” शुल्क (किस्ता - किस्ता) गरेर पनि यस संस्थाको “बिशिष्ट संरक्षक सदस्यता” बन्न सकिने प्राबधान राखिएको छ ।

**ङः** “मानार्थ (Complimentary) सदस्यता” समाजसेबि तथा थुलुङ (राई) समुदायको भाषा, लिपि, साहित्य, कला, धर्म, संस्कृति र ईतिहांस आदि बिषयमा उल्लेखनिय योगदान पुऱ्याउनु हुंने स्वदेशी तथा बिदेशी नागरिक ब्यक्तिहरुलाई “थुलुङ (राई) सामा - युके” केन्द्रिय कार्य समितिको बैठकले निर्णय गरि यस संस्थाको “मानार्थ सदस्यता” प्रदान गर्ने छ ।

**धारा - ९ः सदस्यताको अयोग्यताः-**

देहाय बमोजिमका ब्यक्तिहरु यस संस्थाको लागि “अयोग्य” ठहरिने छन् ।

<u>कः</u> मानसिक ठिक नभएको । (मगज बिग्रेको ब्यक्ति)

<u>खः</u> थुलुङ (राई) समुदायको परम्परा, भाषा, संस्कार र संस्कृतिमा घृणा वा दोष फैलाउने ब्यक्ति ।

<u>गः</u> नैतिक पतन देखिने र फौजदारी अभियोगमा सजायँ पाएको ब्यक्ति ।

<u>घः</u> १८ बर्ष उमेर नपुगेको ब्यक्ति ।

**परिच्छेद - ४:** कार्यसमितिको गठन, बिधि, बार्षिक साधारण सभा र परिषदः-

**ब्यबस्थाः**

**धारा - १०ः** संयुक्त अधिराज्य बेलायतमा प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रिय कार्य समिति गरी = ४ किसिमका समितिहरु सम्मेलनद्धारा गठन गरिने छ ।

**द्रष्टब्यः-** जिल्ला कार्य समिति आवश्यक अनुसार सम्मेलनद्धारा निर्णय गरिने छ ।

**कः प्रारम्भिक कार्य समितिः-**

सम्मेलनद्धारा कम्तिमा = ७ जना सदस्यीय रहने गरी प्रारम्भिक कार्य समिति निर्बाचनबाट गठन गरिने छ । प्रारम्भिक कार्य समितिमा दहाय बमोजिमका पदाधिकारी र सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| अध्यक्ष | = १ जना । |
| उपाध्यक्ष | = १ जना । |
| सचिब | = १ जना । |
| कोषाध्यक्ष | = १ जना । |
| सदस्यहरु | = ३ जना । |

स्पष्टिकरणः- थुलुङ (राई) हरुको जनसंख्या न्युन भएको क्षेत्र/स्थानको हकमा पायक पर्ने दुई वा सो भन्दा बढी सहरहरु मिलाई प्रारम्भिक कार्य समिति गठन गर्ने सकिने छ ।

**खः जिल्ला कार्य समितिः-**

आवश्यकअनुसार सम्मेलनले निर्णय गर्ने छ । चाहेमा सम्मेलनद्धारा कम्तिमा = ११ जना सदस्यीय जिल्ला कार्य समिति निर्बाचनबाट गठन गरिने छ । कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी र सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| हध्यक्ष | = १ जना । |
| उपाध्यक्ष | = १ जना । |
| सचिब | = १ जना । |
| सह-सचिब | = १ जना । |
| कोषाध्यक्ष | = १ जना । |
| सह-कोषाध्यक्ष | = १ जना । |
| सदस्यहरु | = ५ जना । |

**स्पष्टिकरणः-** जिल्ला कार्य समिति गठन गर्नको लागि कम्तिमा = ३ वटा प्ररम्भिक कार्य समिसतहरु अनिबार्य हुनु पर्ने छ र जिल्ला कार्य समितिको रुपमा गठन गर्ने सकिने छ ।

**गः क्षेत्रिय कार्य समितिः-**

स्कटल्याण्ड, वेल्स, बेलायत र नर्दन आयरल्यण्ड गरी जम्मा = ४ वटा क्षेत्रीय कार्य समितिहरु गठन गर्न सकिने छ । हरेक क्षेत्रिय कार्य समितिमा सम्मेलनद्धारा निर्बाचित देहाय बमोजिमका कम्तिमा = १३ जना पदाधिकारी र सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| अध्यक्ष | = १ जना । |
| उपाध्यक्ष | = २ जना । |
| सचिब | = १ जना । |
| सह-सचिब | = १ जना । |
| कोषाध्यक्ष | = १ जना । |
| सह-कोषाध्यक्ष | = १ जना । |
| सदस्यहरु | = ६ जना । |

**द्रष्टब्यः** "थुलुङ (राई) सामा - यूके" केन्द्रीय कार्य समिति बेलायतको जुनै पनि स्थान/ठाँउमा रहन सक्ने प्राबधान रहेको हुदा ।

**घः युके केन्द्रीय कार्य समितिः-**

संयुक्त अधिराज्य बेलायतमा बसो - बास गर्नु हुने सम्पुर्ण "थुलुङ राई" हरु मिलेर एक उच्च नेतृत्वदायी संस्था "थुलुङ (राई) सामा - युके" को केन्द्रिय कार्य समिति सहयोगदाता, बिशिष्ट संरक्षक, संरक्षक, आजीबन सदस्य, प्रारम्भिक कार्य समिति, जिल्ला कार्य समिति, क्षेत्रिय कार्य समिति, भाषा तथा साहित्य परिषद र तत्कालिन कार्य समितिका प्रतिनिधिहरुको राष्ट्रिय सम्मेलनद्धारा निर्बाचित देहाय बमोजिमका बढीमा = १९ जना पदाधिकारी र सदस्यहरु रहने छन् । आवश्यक परेमा अन्य पदाधिकारी र सदस्यहरु थप गर्न सकिने छ ।

| | |
|---|---|
| अध्यक्ष | = १ जना । |
| उपाध्यक्ष | = ४ जना । |
| महा-सचिब | = १ जना । |
| सचिब | = ४ जना । |
| कोषाध्यक्ष | = १ जना । |
| सह-कोषाध्यक्ष | = ४ जना । |
| सदस्यहरु | = ४ जना । प्रत्यक क्षेत्रबाट एक, एक जना । |

**ङः युके केन्द्रीय सचिबालयः-**

केन्द्रय कार्य समितिको दैनिक कार्य सम्पादनलाई सरल बनाउँनका लागि समितिका पदाधिकारी मध्येबाट बढीका = ५ जना सदस्यीय युके केन्द्रीय सचिबालय गठन गर्न सकिने छ ।

**च: बिभागः-**

युके केन्द्रीय कार्य समितिको मात हतमा रहने गरी देहाय बमोजिमको विभागहरु रहने छन् ।

१: आर्थिक बिभाग ।
२: प्रचार प्रसार, प्रकाशन तथा बिदेश सम्पर्क बिभाग ।
३: कानुनी परामर्श तथा अनुशासन बिभाग ।
४: महिला तथा युबा बिभाग ।
५: संथठन तथा प्रशिक्षण बिभाग ।

**स्पष्टीकरणः-** आर्थिक बिभागमा कोषाध्यक्ष पदेन संयोजग र अन्य बिभागमा कुनै एक केन्द्रीय पदाधिकारी तथा सदस्यको संयोजकत्वमा = बढीमा = ५ सदस्यीय विभागको मनोनयनद्धारा गठन गरिने छ ।

**धरा- ११: बार्षिक साधारण सभा र परिषदः-**

(धारा - १०) बमोजिम गठन भएको पप्रारम्भिक, जिल्ला, क्षेत्रीय र युके केन्द्रीय कार्य समितिले प्रत्यक बर्ष एक बार्षिक साधरण सभा र परिषदको आयोजना गर्ने छन् । यसरी आयोजना गरिएको सभाले सम्बन्धित कार्य समितिले वर्ष भरीमा सम्पन्न गरेको कामको समिक्षा र आय/ब्यायको अनुमोदन गर्ने छ ।

**१: प्रारम्भिक साधारण सभाः-**

प्रारम्भिक कार्य समितिले प्रत्येक बर्ष प्रारम्भिक सभाको आयोजना गर्ने छ । सभामा आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्नुका साथै बार्षिक कार्यक्रमको तर्जुमा गर्ने छ । प्रारम्भिक साधरण सभा देहायका प्रतिनिधित्व हुँने छन् ।

अः प्रारम्भिक कार्य समितिका पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु र,

आः सम्बन्धित क्षेत्र भित्र रहेका संस्थाका सबै किसिमका सदस्यहरु सहभागी हुन पाउँने छन् ।

**२: जिल्ला सभाः-**

जिल्ला कार्य समितिले प्रत्येक बर्ष सभाको आयोजना गर्ने छ । सभामा आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्नुका साथै बार्षिक कार्यक्रमको तर्जुमा गर्ने छ । जिल्ला सभामा देहाय बमोजिमका प्रतिनिधित्व हुँने छन् ।

अः जिल्ला कार्य समितिका पदाधिकारीहरु तथा सदस्यहरु र सल्लाहकारहरु ।

आः जिल्ला क्षेत्र भित्र रहेकाअक्षय कोषदाताहरु, आजीबन सदस्यहरुबाट बढीमा = ६ जना, संरक्षक, बिशिष्ट संरक्षक सदस्यहरुमध्यैबाट बढीमा = ३ जना र,

इः जिल्ला क्षेत्रभित्र रहेका प्रत्यैक प्ररम्भिक कार्य समितिबाट अध्यक्ष र सचिब गरी = २ जना ।

**३: क्षेत्रिय सभाः-**

क्षेत्रिय कार्य समितिले प्रत्येक बर्ष क्षेत्रीय सभाको आयोजना गर्ने छ । सभामा आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्नुका साथै बार्षिक कार्यक्रमको तर्जुमा गर्ने छ । सभामा देहाय बमोनिमका प्रतिनिधित्व हुँने छन् ।

अः क्षेत्रिय कार्य समितिका सम्पुर्ण पदाधिकारी तथा सदस्यहरु र सल्लाहकारहरु ।

आः क्षेत्रिय कार्य समितिको क्षेत्रधिकारभित्र रहेका अक्षय कोष दाताहरु, आजीबन सदस्यमध्येबाट बढीमा = ५ जना ।

इः संरक्षक, विशिष्ठ संरक्षक सदस्यमध्येबाट बढीमा = ३/३ जना र क्षेत्रीय कार्य समितिको क्षेत्रधिकारभित्र रहेका प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिब गरी = २/२ जना ।

**४: केन्द्रय सभा:-**

युके केन्द्रिय कार्य समितिले प्रत्येक बर्ष केन्द्रीय सभाको आयोजना गर्ने छ । सभामा आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्नुका सागै बार्षिक कार्यक्रमका तर्जुमा गर्ने छ । केन्द्रीय सभाका देहाय बमोजिमका प्रतिनिधित्व हुँने छन् ।

अः केन्द्रीय कार्य समितिका सम्पुर्ण पदाधिकारी तथा सदस्यशरु र सल्लाहकारहरु ।

आः प्रत्येक क्षेत्रीय कार्य समितिका अध्यक्ष र सचिब गरी = २ जना (अध्यक्ष र सचिब उपस्थित हुन नसकेको खण्डमा अन्य = २ जना) ।

इः प्रत्येक जिल्लाका अध्यक्ष र सचिब गरी = २ जना ।

ईः अक्षय कोष दाता, विशिष्ट संरक्षक, संरक्षक सदस्यमध्येबाट बढीमा = ४/४ जना । सम्पुर्ण आजीबन सदस्यमध्येबाट बढीमा = १० जना र भाषा तथा साहित्य परिषदबाट = २ जना ।

उः केन्द्रीय कार्य समितिले कम्तिमा = ५ जना पर्यबेक्षक मनोनयन गर्न सक्ने छ, तर पर्यबेक्षकले निर्बाचनमा भाग लिन पाउँने छैनन् र बिभाग तथा उप-समितिका सदस्यहरु केन्द्रीय परिषदको पदेन सदस्य हुँने छन् ।

## परिच्छेद -५: सम्मेलनः- सम्मेलन, प्रतिनिधिको व्यबस्ता र मतधिकारः

**धारा- १२ः सम्मेलनः-**

सामन्यता "थुलुङ (राई) सामा - युके" को बिधान बमोजिम विभिन्न कार्य समितिले देहाय बमोजिमको प्रत्येक तिन (३) बर्षमा सम्मेलनको आयोजना गर्ने छ ।

**कः प्रारम्भिक सम्मेलनः-** प्रारम्भिक कार्य समितिले तिन (३) बर्षमा प्रारम्भिक सम्मेलनको आयोजना गरी "धारा - १०" (क) बमोजिमको प्रारम्भिक कार्य समितिको गठन गर्ने छ । तर, समिति गठन हुन अघि एक पटकलाई जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्य समिति वा अधिकार प्रत्यायोजित व्यक्तिद्धारा सम्मेलनको आयोजना गरी प्रारम्भिक कार्य समितिको गठन गर्ने छ । सम्मेलनको प्रारम्भिक कार्य समितिले आर्थिक र प्रगति प्रतिबेदन पेश गर्नु पर्ने छ । प्रस्तुत् आर्थिक र कार्य प्रगति प्रतिबेदनका साथै अन्य समसामायिक बिषय माथि बिस्तृत छलफल गरी प्रस्ताब पारित गर्ने छ । सो को जानकारी जिल्ला कार्य समिति वा माथिल्लो निकायलाई अनिबार्य गराउँनु पर्ने छ ।

**खः जिल्ला सम्मेलनः-** जिल्ला कार्य समितिले तिन (३) बर्षमा जिल्ला सम्मेलनको आयोजना गरी "धारा -१०" (ख) बमोजिमको जिल्ला कार्य समिति गठनगर्ने छ । तर, प्रथम जिल्ला सम्मेलन भने केन्द्रीय कार्य समितिबाट गठन गरिएको प्रत्यायोजित समितिले सम्मेलनको आयोजना गर्ने छ । सम्मेलनमा जिल्ला कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्ने छ । प्रस्तुत आर्थिक र प्रगति प्रतिबेदनका साथै अन्य समसामायिक बिषयहरु माथि बिस्तृत छलफल गरी प्रस्ताब पारित गर्ने छ । सो को जानकारी क्षेत्रीय कार्य समिति वा केन्द्रीय कार्य समितिलाई अनिबार्य गराउँनु पर्ने छ ।

**गः क्षेत्रीय सम्मेलनः-** क्षेत्रीय कार्य समितिले तिन (३) बर्षमा एक पटक क्षेत्रीय सम्मेलनको आयोजना गरी "धारा - १०" (ग) बमोजिमको क्षेत्रीय कार्य समितिको गठन गर्ने छ । तर, प्रथम पटक भने केन्द्रीय कार्य समितिबाट गठन गरिएको प्रत्यायोजित समितिले सम्मेलनको आयेजना गर्ने छ । सम्मेलनमा क्षेत्रीय कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्ने छ । प्रस्तुत आर्थिक र प्रगति प्रतिबेदनका साथै खन्य समसामायिक बिषयहरु माथि बिस्तृत छलफल गरी प्रस्ताब पारित गर्ने छ । सो को जानकारी केन्द्रीय कार्य समितिलाई अनिबार्य गराउँनु पर्ने छ ।

**घः केन्द्रीय सम्मेलनः-** यूके केन्द्रीय कार्य समितिले प्रत्येक तिन (३) बर्षमा केन्द्रीय सम्मेलनको आयोजना गरी "धारा १०" (ग) बमोजिमको केन्द्रीय कार्य समितिको गठन गर्ने छ । तर, प्रथम केन्द्रीय सम्मेलन भने बेलायतमा बसो-बास गर्ने सम्पुर्ण थुलुङ राईको प्रतिनिधित्व हुँने गरी तदर्थ समितिले आयोजलना गर्ने छ । सम्मेलनमा केन्द्रीय कार्य समितिले आर्थिक र कार्य प्रगति प्रतिबेदन पेश गर्ने छ । प्रस्तुत आर्थिक र कार्य प्रगति प्रतिबेदनका सागै अन्य सम-सामायिक बिषयहरु माथि बिस्तृत छलफल गरी प्रस्ताब पारित गर्ने छ ।

**२: प्रतिनिधिको व्यबस्थाः-**
प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय सम्मेलनमा देहाय बमोजिमका प्रतिनिधिको व्यबस्था हुँने छ ।

**क: प्रारम्भिक सम्मेलन:-** प्रारम्भिक कार्य समितिका पदाधिकारीहरु र सदस्यहरु वा आयोजक समिति सदस्यहरु, सल्लाहकारहरु र देहायका व्यक्तिहरु "प्रारम्भिक सम्मेलनको" प्रतिनिधि बन्ने छन् ।

**१:** सम्बन्धित बस्ती वा क्षेत्रमा बसोबास गर्ने "थुलुङ (राई) सामा - यूके" का साधरण सदस्यता प्राप्त व्यक्ति, अक्षकोष दाता, प्रारम्भिक कार्य समितिका पदाधिकारीहरु र सदस्यहरु सम्मेलनमा उमेद्वार हुन र मतदान गर्न पाउँने छन् ।

**ख: जिल्ला सम्मेलन:-** जिल्ला कार्य समितिका पदाधिकारीहरु र सदस्यहरु वा आयोजक समिति सदस्यहरु, सल्लाहकारहरु र देहाय बमोजिमका व्यक्तिहरु "जिल्ला सम्मेलनको" प्रतिनिधि बन्ने छन् ।

**१:** जिल्ला क्षेत्र रहेका प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिब र अन्य = ३ जना गरी जम्मा = ५ जना ।

**२:** सम्बन्धित क्षेत्रका आजीबन सदस्यहरु = ६ जना संरक्षक र बिशिष्ट संरक्षक सदस्यहरु र अक्षयकोष दाताहहरु लगायत

।

**ग: क्षेत्रीय सम्मेलन:-** क्षेत्रीय कार्य समितिका पदाधिकारीहरु र सदस्यहरु वा आयोजक समितिहरु, सदस्यहरु र सल्लाहकारहरु देहाय बमोजिमका व्यक्तिहरु "क्षेत्रीय संम्मेलन" प्रतिनिधि बन्ने छन् ।

**१:** प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिब = २ जना र अन्य = २ जना गरी जम्मा (४) जना ।

**२:** सम्बन्धित क्षेत्रका प्रत्येक जिल्ला कार्य समितिबाट अध्यक्ष र सचिब = २ जना र अन्य = ३ जना गरी जम्मा = (५) जना ।

**३:** सम्बन्धित क्षेत्रका आजीबन सदस्यहरु = १० जना सम्म संरक्षक र बिशिष्ट संरक्षक सदस्यहरुमध्येबाट = ५/५ जना, अक्षयकोष दाताहरुबाट = २ जना र "थुलुङ (राई) सामा - यूके" मा आबद्द भाषा तथा साहित्यबाट = २/२ जना ।

**घ: राष्ट्रिय सम्मेलन:-** यूके" केन्द्रीय कार्य समितिका पदाधिकारीहरु र सदस्यहरु, बिषयगतका विभागीय सदस्यहरु, सल्लाहकारहरु, र देहाय बमोजिमका व्यक्तिहरु "राष्ट्रिय सम्मेलनको" प्रतिनिधि बन्ने छन् ।

**१:** प्रत्येक प्रारम्भिक कार्य समितिहरुबाट अध्यक्ष र सचिब गरी = २ जना र अन्य = १ जना गरी जम्मा = ३ जना ।

**२:** प्रत्येक जिल्ला र क्षेत्रीय कार्य समितिहरुबाट अध्यक्ष र सचिब गरी = २ जना र अन्य गरी = २ जना गरी जम्मा (४) जना ।

**३:** आजीबन सदस्यहस्बाट = १० जना संरक्षक र बिशिष्ट संरक्षक सदस्यहरुबाट = ५/५ जना, अक्षयकोष दाताबाट = २ जना ।

४: "थुलुङ (राई) सामा - यूके " मा आबद्द भाषा तथा साहित्यबाट = ३/३ जना ।

**दृष्टब्य:** प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्य समितिमा महिलाहरुलाई ३३% सहभागी गराउँने ।

**धारा-१३: कार्य समितिको बैठक:-**

प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्य समितिको बैठक सामन्यतया प्रत्येक = ३ महिनामा नबढाईकन एक पटक र (बर्षमा = ४ पटक पूर्ण बैठक) कार्य समितिले तोकेको स्थान र समयमा बस्ने छ । तर, आबश्यक भएमा आकस्मिक बैठकहरु पनि कार्य समितिले तोकेको स्थानमा र समयमा बस्न सक्ने । गणपूरक संख्या सम्पूण सदस्य संख्याको प्रत्येक पटकलाई = ५१% मानिने छ । तर, केन्द्रीय कार्य समितिको हकमा भने केन्द्रीय सचिवालयले निर्धारण गरेको समयमा बैठक बस्ने छ र केन्द्रीय कार्य समितिको पूर्ण बैठकको हकमा भने = ३३% उपस्थितिलाई पनि गण पूरक संख्या मानिने छ ।

**धारा-१४: कार्य समिति, सचिवालय, सभा र विभागको काम कर्तब्य र अधिकार:-**

कार्य समिति, सचिवालय, सभा र विभागको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छन् ।

**१: प्रारम्भिक कार्य समिति:**

क: कार्यलय संचालन गर्ने ।

खः प्रारम्भिक सम्मेलनद्धारा पारित र निर्णयहरु कार्यन्वयन गर्ने ।
गः साधरण सदस्यता बितरण तथा नबिकरण गर्ने ।
घः माथिल्लो समिति र तहबाट प्राप्त भएका परिपत्र र निर्देशनहरुको पालना गर्ने गराउँने ।
ङः प्रारम्भिक सम्मेलन र सभाको आयोजना गर्ने र साथै अन्य बिबिध कार्यक्रमहरुको आयोजना गर्ने ।
चः समितिको आर्थिक कोष खडा गर्ने, लेखा परिक्षण जिल्लाबाट गराउँने र अक्षयकोष स्थापनाको लागी पहल गर्ने ।
छः बजेटको तर्जुमा गर्ने र चल-अचल सम्पतिको संरक्षण गर्ने ।
जः संस्थाको उदेश्य पुरा गर्नकोलागि बिबिध किसिमका कार्यक्रमहरुको आयोजना गर्ने ।
झः थुलुङ राईहरुको संस्कृति तथा संस्कारको पालना र संरक्षण गर्ने ।
ञः समितिले गरेको कार्य प्रगति र आर्थिक प्रतिबेदन नियमितरुपमा जिल्ला कार्य समितिमा पठाउँने ।
टः कुनै पदाधिकारी र सदस्यहरु नियमित - ३ पटक बैठकमा बिना सूचना अनुपस्थित भएमा पदबाट हट्न सक्ने, राजीनामा स्वीकृत गर्ने र रिक्त (पद) स्थानहरुको पद पूर्ति गर्ने ।

**२: जिल्ला कार्य समिति :-**

कः कार्यलय संचालन गर्ने र चल-अचल सम्पतिको संरक्षण गर्ने ।
खः जिल्ला सम्मेलन र सभाको आयोजना गर्ने ।
गः जिल्ला सभा र सम्मेलनले पारित गरेको प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने ।
घः बजेट तर्जुमा गर्ने र माथिल्लो समितिबाट लेखापरिक्षण गराउँने ।
ङः केन्द्रीय तथा क्षेत्रीय समितिको परिपत्र र निर्देशनको पालना गर्ने, गराउँने ।
चः प्रारम्भिक कार्य समितिलाई निर्देशन दिने, अनुगमन र निरिक्षण गर्ने ।
छः थुलुङ राईहरुको संस्कृति, संस्कारको पालना र संरक्षण गर्ने, गराउँने ।
जः अन्य समान उदेश्य भएका जातीय संघ/संस्थाहरुसंग समन्वय गरी कार्य गर्ने ।
झः संस्थाको उदेश्य पुरा गर्न विभिन्न कार्यक्रमहरुको आयोजना गर्ने ।
ञः निर्णय र पारित गरेका कार्य प्रगति र आर्थिक प्रतिबेदन माथिल्लो समितिमा पठाउने ।
टः आजीवन तथा साधरण सदस्यता बितरण र नबिकरण गर्ने ।
ठः आर्थिक कोष खडा गर्ने र अक्षय कोष स्थापनाको लागि पहल गर्ने ।
डः कुनै पदाधिकारी र सदस्यहरु नियमित = ३ पटक बैठकमा बिना सूचना अनुपस्थित भएमा पदबाट हटाउँने, राजीनामा स्वीकृत गर्ने र रिक्त (पद) स्थानको पद पूर्ति गर्ने ।

**३: क्षेत्रीय कार्य समिति :-**

कः कार्यालय संचालन गर्ने र कर्मचारी नियुक्तिको अनुमोदन गर्ने ।
खः बिधानमा उल्लेख भएका सदस्यताहरु बितरण गर्ने ।
गः बैठक, क्षेत्रीय सम्मेलन र सभाको आयोजना गर्ने ।
घः सम्मेलन र सभाले पारित गरेका प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने तथा केन्द्रीय कार्य समितिमा पठाउँने ।
ङः बार्षिक कार्यक्रम बनाउँने, बजेटको तर्जुमा गर्ने र संचालन गर्ने ।
चः आर्थिक कोष खडा गर्ने र अक्षय कोषहरुको संरक्षण गरी संचालन गर्ने ।
छः मात-हतका सभा, बिभाग र समितिहरुलाई निर्देशन दिने,अनुगमन र निरिक्षण गर्ने ।
जः संस्थाको उदेश्य प्राप्तिकालागि कार्यरत रहने र प्रचार - प्रसार गर्ने ।
झः थुलुङ राईहरुको संस्कार, संस्कृतिको पालना गर्ने र बिस्तार तथा संरक्षण गर्ने, गराउँने ।
ञः पदाधिकारी र सदस्यहरु पूर्ण बैठकमा नियमित = ३ पटक सम्म बिना सूचना अनुपस्थित भएमा पदबाट हटाउने, राजीनामा स्वइकृत गर्ने र (पद) रिक्त स्थानको पद पूर्ति गर्ने ।

**४: केन्द्रीय कार्य समितिः-**

कः कार्यालय संचालन गर्ने र कर्मचारी नियुक्तिको अनुमोदन गर्ने ।
खः बिधानमा उल्लेख भएका सदस्यताहरु बितरण गर्ने ।
गः बैठक, राष्ट्रिय सम्मेलन र सभाको आयोजना गर्ने ।
घः सम्मेलन र सभाले पारित गरेका प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने ।
ङः बार्षिक कार्यक्रम बनाउँने, बजेटको गर्जुमा गर्ने र लेखा परीक्षक नियुक्ति गर्ने ।
चः कार्यक्रम तय गरी कार्यन्वयन गर्ने, लेख परीक्षण गराउने र चल-अचल सम्पतिको संरक्षण गर्ने ।
छः आर्थिक कोष खडा गर्ने र अक्षय कोषहरुको संरक्षणगरी संचालन गर्ने ।
जः मात-हतका सभा, बिभाग र समितिहरुलाई निर्देशन दिने, अनुगमन र निरिक्षण गर्ने ।
झः सस्थाका उदेश्य प्राप्तिकोलागी कार्यरत रहने र प्रचार-प्रसार गर्ने ।
ञः थुलुङ राईहरुको संस्कार, संस्कृतिको पालना, संरक्षण र बिस्तार गर्ने, गराउँने ।
टः अन्य समान उदेश्य भएका जातीय संघ/संस्थाहरुसंग संबन्ध स्थापित गरी कार्य गर्ने ।

ठः बिधान संशोधन गर्नु परेमा प्रस्ताब तय गरी राष्ट्रिय सम्मेलनमा पेश गर्ने ।
डः पदाधिकारी र सदस्यहरु पूर्ण बैठकमा नियमित = ३ पटक सम्म बिना सूचना अनुपस्थित भएमा र सचिवालयको हकमा नियमित = ४ पटक सम्म बैठकमा बिना सूचना अनुपस्थित भएमा पदबाट हटाउन सक्ने र राजीनामा स्वीकृत गर्ने साथै रिक्त स्थानको पद पूर्ति गर्ने ।

ढः आबश्यकता अनुसार बिभाग, सभा, समिति, भातृ संगठन र उप-समितिहरु गठन गर्ने र बिगठन गर्न सक्ने छ ।
णः अन्य देश-बिदेशमा संचालित थुलुङ राईहरुसंग सम्बन्धित संघ/संस्था र आफ्नो जातिको बिकास र उत्थानको लागि खोलेको संघ/संस्थाहरुसंग संबन्ध र सहयोगको आदन-प्रदान गर्ने ।

तः आबश्यकता अनुसार भातृ संगठनको निर्माण, अनुगमन तथा निर्देशन दिने संस्थाको बिधान अनुसार कार्य नगरेको खण्डमा निलम्बन वा बिगठन गर्न सक्ने छ ।

**५: केन्द्रीय सचिबालयः-**

कार्यालय संचालन गर्ने, कार्य प्रगति र आर्थिक प्रतिबेदन तयार गर्ने, बिभाग, सभा, भातृ र जिल्ला कार्य समितिहरुको प्रगति बिवरण नियमित मगाउने, केन्द्रीय कार्य समिति मार्फत पारित भएका प्रस्ताब र निर्णयहरु कार्यन्वयन भए-नभएको सो को अनुगमन गर्ने, निर्देशन दिने, केन्द्रीय कार्यसमितिको बैठक नबसेसम्म आबश्यकता अनुसार सम्पूर्ण कार्यहरु गर्ने ।

**छः बिभागः-**

केन्द्रीय कार्य समितिले तोकेको कार्य सम्पादन गर्ने र आ-आफ्नो बिभाग अर्न्तगत भएका कार्यहरुको प्रगति बिबरण नियमित रुपमा केन्द्रीय कार्य समितिमा बुझाउनु पर्ने ।

## परिच्छेद -छः पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकारः-

कार्य समितिहरुको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१: अध्यक्षः**

कः बैठकको अध्यक्षता गर्ने ।
खः कार्य समितिहरुको नियन्त्रण, निरिक्षण र परामर्श गर्ने ।
गः कार्य समितिलाई कृयशील बनाउँदै समान उदेश्य भएका संघ/संस्थाहरुसंग सम्बन्ध स्थापित गर्ने ।
घः बैठकमा पेश गरिने प्रस्ताबहरु तयार गर्न लगाउँने, पारित प्रस्ताबहरु कार्यन्वयन गराउँने, नियमित र आकस्मिक बैठकहमरु बोलाउँने वा बोलाउँन लगाउँने ।
ङः कार्य समितिको बैठकमा बराबर ‘‘मत’’ भएमा निर्णायक ‘‘मत’’ दिने ।
चः विभिन्न सम्झौताहरुमा हस्ताक्षर गर्ने ।
छः राजीनामा स्वीकृति गर्ने र आबश्यकता अनुसार अन्य कार्यहरु गर्ने।

**२: उप-ध्यक्षः**

कः अध्यक्षलाई सहयोग पुर्याउँने ।
खः अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अभिभारा लिएर काम, कर्तब्य र अधिकार प्रयोग गरी कार्य संचालन गर्ने साथै अन्य तोकिएको कार्यहरु गर्ने ।

**३: महा-सचिब, सचिबः-**

कः महा-सचिब/सचिबले कार्य समितिको कार्यलयको दैनिक प्रशासनिक रेखदेख गर्ने, संस्थाको तर्फबाट पत्र ब्यबहार गर्ने र कार्यलयको कर्मचारीहरुको नियुक्ति गरी मात-हतमा राखी कार्य गर्ने, गराउँने ।
खः बार्षिक कार्यक्रम बनाउँने, नितिनिमार्ण गर्ने र यिनीहरुको कार्यन्वयन गर्ने, गराउँने ।
गः संस्थाको कागजातहरुको जिम्मा लिने, प्रगति प्रतिबेदन पेश गर्ने ।
घः अच्यक्षको निर्देशन अनुसार बैठक बोलाउँने ।
ङः बैठकमा पेश हुने प्रस्ताबहरु तयार गर्ने र पारित प्रस्ताब र निर्णयहरु कार्यन्वयन गर्ने ।
चः सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट कार्य प्रगति प्रतिबेदन पेश गर्ने र प्रस्तावको मस्यौदा पेश गर्ने ।
छः अध्यक्षसंग परामर्श लिई अन्य आबश्यक कार्यहरु गर्ने ।

**४: सचिब/सह-सचिबः-**
महा-सचिब/सचिबलाई सहयोग पुर्याउँने, निजको अनुपस्थितिमा महा-सचिब/सचिबको अभिभारा लिएर सम्पूर्ण अधिकार र जिम्मेवारी लिई कार्य गर्ने, बैठकको निर्णयहरु लिपिबद्द गर्ने र अन्य तोकिएको कार्यहरु गर्ने । अक्षय कोष ब्यबस्थापन समितिको सचिब भई कार्य सम्पादन गर्ने ।

**स्पष्टिकरणः-**
केन्द्रीय कार्य समितिमा महा-सचिब रहने व्यबस्था भएकोले सह-सचिबको कार्य सचिबले गर्नु पर्ने छ ।

**५: कोषाध्यक्षः**
कः संस्थाको आम्दानी, खर्चको हिसाब दुरुस्त र पारदर्शिता राख्ने ।
खः संस्थाको चल-अचल सम्पतिको श्रेष्ता राख्ने र तिनिहरुको जिम्मा लिने ।
गः आर्थिक कोष निर्माण गर्ने र अध्यक्षको निर्देशन अनुसार कार्य गर्ने ।
घः लेखा परीक्षण गराउँने र बार्षिक अनुमानित बजेट पेश गर्ने, सभा र सम्मेलनमा कार्य समितिको तर्फबाट आर्थिक प्रतिबेदन पेश गर्ने ।
ङः अध्यक्षसंग परामर्श गरी अन्य आबश्यक कार्यहरु गर्ने ।

**६: सह- कोषाध्यक्षः-**
कोषाध्यक्षलाई सहयोग पुर्याउँने, निजको अनुपस्थितिमा कोषाध्यक्षको अभिभारा लिई सम्पूर्ण अधिकार र जिम्मेवारी लिएर कार्य गर्ने, अक्षय कोषहरुको पारदर्शिता हिसाब राखी तत् सम्बन्धी कार्य गर्ने र अन्य कार्यहरु गर्ने ।

**७: सदस्यः-** कार्य समितिको बैठकहरुमा उपस्थित भई बुँदागतरुपमा छलफल गर्ने, राय प्रस्तुत गर्ने, आफुलाई दिएको निम्मेवारीको कार्य सम्पादन गर्ने र संस्थाको उदेश्य प्राप्तिको लागि कृयशील भई काम गर्नु सदस्यहरुको काम, कर्तब्य र अधिकार हुने छ ।

## परिच्छेद -७: आर्थिक ब्यबस्थाः-

### धारा -१६: आर्थिक श्रोतः-

संस्थाको आर्थिक श्रोत देहाय बमोजिमको हुँने छन् ।
कः सदस्यता शुल्क ।
खः सरकार वा बिदेशी (राष्ट्रिय र अन्तराष्ट्रिय) दातृ संस्थाहरुबाट प्राष्त ऋण तथा अनुदान सहयोग ।
गः अन्य संचालित कार्यहरु वा प्रकाशनबाट प्राप्त रकम,
घः अन्य बिबिधबाट प्राप्त रकमहरु बिशिष्ट संरक्षक र संरक्षक सदस्यता केन्द्रीय कार्य समितिबाट वा सचिबालयबाट प्रदान गरिने छन् भने आजीबन र साधसण सदस्यता जिल्ला कार्य समितिबाट प्रदान गरिने छ । साधरण सदस्यता प्रारम्भिक कार्य समितिबाट प्रदान गरिने छ । तर, केन्द्रीय कार्य समितिले मागेको बखत जिल्ला कार्य समितिले मूल धनको = ५०% प्रतिशत रकम केन्द्रीय कार्य समितिमा पठाउँनु पर्ने छ र प्रारम्भिक कार्य समितिले = ४०% प्रतिशत रकम केन्द्रीय कार्य समितिमा पठाउँनु पर्ने छ ।

### धारा -१७: संस्थाको चल-अचल सम्पतिः-
संस्थाको चल - अचल सम्पति खरिद वा अनुदान सहयोग प्राप्त गर्न सक्ने छ । जसको स्पष्ट जिन्सी खाता बनाई बिबरण साखिने छ ।

**धारा -१८: कोषः-** संस्थाको नाममा बैक तथा वितीय संस्थामा खाता खोली आर्थिक कारोबार गर्ने छ । अध्यक्ष, महा-सचिब र कोषाध्यक्षको संयुक्त हस्ताक्षर मध्ये कुनै = २ जनाबाट संन्चालन गर्ने, साथै अक्षय कोषहरु स्थापना गरी विभिन्न विधानहरुमा थुलुङ राईहरुलाई छात्रवृत्ति, पुरस्कार, सम्मान, पारिश्रमिक, सहयोग तथा तालिम आदि प्रदान गर्ने छ । जिल्ला र प्रारम्भिक कार्य समितिहरुको हकमा अध्यक्ष, सचिब र कोषाध्यक्ष अनिबार्यको संयुक्त हस्ताक्षरबाट खाता संचालन गरिने छ ।

### धारा -१९: लेखा परीक्षणः-
कः प्रत्येक कार्य समितिहरुले बार्षिक रुपमा लेखा परीक्षण गराउँनु पर्ने छ ,
खः प्रारम्भिक कार्य समितिको जिल्ला कार्य समितिले, जिल्ला कार्य समितिको क्षेत्रीय कार्य समिति वा केन्द्रीय कार्य समिति वा सचिबालयले तोकेको ब्यक्तिबाट र केन्द्रीय कार्य समितिको मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउँनु पर्ने छ । यसरी गरिएको लेखा परीक्षणको प्रतिबेदन राष्ट्रिय परिषद समक्ष पेश गर्नु पर्ने छ ।

**परिच्छेद -८: निर्बाचन र बिबिध:-**

**धारा -२०:** निर्बाचनः- संस्थाको कार्य समितिहरुको निर्बाचन प्रत्येक = ३ बर्षका हुने छ । र केन्द्रीय कार्य समितिको सम्मेलनद्धारा एक अध्यक्ष सहित बढीमा = ५ सदस्यीय एक अध्यक्ष मण्डल गठन गरिने छ । उक्त अध्यक्ष मण्डलले आबश्यक ठानेमा विधानको अधीनमा रही एक निर्बाचन आयोग गठन गरी निर्बाचन सम्बन्धि सम्पूर्ण कार्य सम्मेलन गर्ने छ र यसको निर्णय अन्तिम हुँने छ । तर, क्षेत्रीय जिल्ला र प्रारम्भिक कार्य समितिहरुको प्रथम सम्मेलन भने उपल्लो कार्य समितिको पदाधिकारी सदस्यहरु वा अधिकार प्रत्यायोजित ब्यक्तिद्धारा तदर्थ समिति तथा आयोजक समिति गठन गरी सम्पन्न गरिने छ । साथै क्षेत्रीय र जिल्ला सम्मेलनको निर्बाचन आयोग गठन गर्दा "यूके केन्द्रीय कार्य समितिको" प्रतिनिधि र प्रारम्भिक सम्मेलनमा "जिल्ला कार्य समितिको" प्रतिनिधि हुन अनिबार्य छ । यूके केन्द्रीय सम्मेलनमा अक्षय कोष दाता, आजीबन, संरक्षक र बिशिष्ट संरक्षक सदस्यहरुको प्रतिनिधिहरु सम्बन्धित समिति वा सचिबालयले समूहगत निर्बाचन द्धारा चयन गर्ने छ ।

क: निर्बाचन आयोगका अध्यक्ष र सदस्यहरुले निर्बाचनमा मतदान गर्ने र उम्मेद्धार हुन पाउँने छैनन ।
ख: निर्बाचन आयोगको कार्य सम्पन्न भएपछि स्वतः बिगठन हुँने छ ।
ग: सबै तहका निर्बाचन गोप्य मतदानबाट हुँने छ ।
घ: तल्लो कार्य समितिको पदाधिकारी र सदस्यहरु माथिल्लो समितिमा निर्बाचित भई गएमा तल्लो समितिको पद स्वतः रिक्त हुँने छ । यसरी रिक्त भएको पद सम्बन्धि समितिले मनोनयनद्धारा "रिक्त पद" पूर्ति गर्ने छ ।

**धारा -२१: उम्मेद्धारको योग्यता:-** देहायका प्रतिनिधिहरु संस्थाको कार्य समितिमा उम्मेद्धार हुन "योग्य" हुँने छैनन ।
क: अध्यक्ष मण्डल तथा निर्बाचन आयोगका अध्यक्ष र सदस्य ।
ख: धारा -९ बमोजिमका ब्यक्तिहरु ।
ग: थुलुङ (राई) सामा - यूके को सदस्यता नलिएको ब्यक्तिहरु ।

**धारा -२२: अबिश्वसको प्रस्ताब:-** संस्थाको जुन सुकै कार्य समितिका पदाधिकारीहरु उपर अबिश्वासको प्रस्ताब ल्याउँनु परेमा सम्बन्धित सभा तथा परिषद प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय परिषदको कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुको हस्ताक्षर भएको अबिश्वासको प्रस्ताब सम्बन्धित कार्य समितिका अध्यक्ष समक्ष प्रस्तुत गर्नु पर्ने छ र अध्यक्षले सो प्रस्ताब प्राप्त भएको = ४ महिनाभित्र सम्बन्धित साधारण सभा वा परिषद बोलाई सो प्रस्ताबमाथि छलफल गराउँनु पर्ने छ । अबिश्वासको प्रस्ताब पारित गर्न सम्बन्धित सभा वा परिषदको उपस्थित सदस्य संख्याको "दुई तिहाई मत" आबश्यक हुँने छ । अध्यक्षको बिरुद्द अबिश्वासको प्रस्ताब पेश गर्नु परेमा सम्बन्धित समितिका उपाध्यक्ष समक्ष्य पेश गर्नु पर्ने छ, तर त्यस्तो पदाधिकारी र सदस्यहरुलाई सफाईको मौका दिनबाट बन्चित गरिने छैन ।

**धारा -२३: सदस्यता समाप्ति:-**
देहायको अबस्थामा पदाधिकारी तथा सदस्यहमरुको सदस्यता समाप्त हुने छ ।
क: मृत्यु भएमा ।
ख: मानसिक सन्तुलन बिग्रेमा ।
ग: साधारण सदस्यता नबिकरण नगरेमा ।
घ: राजीनामा स्वीकृति भएमा र
ङ: संस्था बिपरित कार्य गरेको प्रमाणित भएमा वा अबिश्वासको प्रस्ताब पारित भएमा ।

**धारा -२४:** राजीनामा:- सबै तहका पदाधिकारी तथा सदस्यहरुको राजीनामा सम्बन्धित समितिका अध्यक्षले स्वीकृत गरी आगामी बैठकमा अनुमोदन गराउँनु पर्ने छ । तर, अध्यक्षको राजीनामाको हकमा सम्बन्धित समितिको बैठकलाई मात्र स्वीकृत गर्ने अधिकार हुँने छ ।

**धारा -२५:** बिधान संशोधन:- बिधान संशोधन गर्न आवश्यक भएमा सो कुरा यूके केन्द्रीय कार्य समिति मार्फत राष्ट्रिय सम्मेलनमा पेश गरी उपस्थित प्रतिनिधिहरुको "दुई तिहाई बहुमतले" पारित गरेमा आधिकारिक रुपमा संशोधित बिधान लागु हुँने छ ।

**धारा -२६:** नियम बनाउने अधिकार:- यूके केन्द्रीय कार्य समितिले आवश्यक अनुसार नियम/बिनियम बनाई लागु गर्न सक्ने छ । प्रारम्भिक, जिल्ला र क्षेत्रीय कार्य समितिले नियम/बिनियम बनाई यूके केन्द्रीय कार्य समितिबाट स्वीकृत लिई लागु गर्न सक्ने छ ।

**धारा -२७: सल्लाहकार:-** प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्य समितिले अबश्यक ठाँनेमा थुलुङ राईहरुको बिकास र उत्थानमा बिशेष योगदान पुऱ्याउँन सक्ने ब्यक्तिहरु/ब्यक्तित्वहरुलाई यस संस्थाको सल्लाहकारमा राखिने छ ।

**धारा -२८:** संस्थाको बिगठन:- संस्थाको बिधान बमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणबाट "बिगठन" गर्नु परेमा सो कुरा यूके केन्द्रीय कार्य समिति मार्फत यूके केन्द्रीय परिषदमा पेश गरी उपस्थित प्रतिनिधिहरुको "दुई तिहाई बहुमतले" पारित गरी संस्थाको "बिगठन" गरिने छ । यसरी संस्थाको "बिगठन" भएमा संस्थाको (चल-अचल) सम्पतिको स्वामित्व अन्यथा ब्यबस्था नभए सम्म "थुलुङ (राई) सामा" केन्द्रीय कार्य समिति नेपालमा सर्ने छ ।

**धारा -२९: संस्थाको हैसियतः-**

**क:** यो संस्था एक बिशुद्द सामाजिक सेवा भावले स्थापना भएको एक अभिछिन्न उतराधिकारवाला स्वाशासित संस्था हुँने छ । यो संस्थाले कुनै ब्यक्ति, सरकारी वा गैर - सरकारी संघ/संस्था उपर मुद्दा गर्नु पर्ने भएमा मुद्दा गर्न र प्रतिबाद गर्न सक्ने छ ।

**ख:** संस्थाको उदेश्य प्राप्तिकोलागि कार्य गर्दा कुनै पदाधिकारी वा सदस्यहरु उपर मुद्दा - मामिला आई परे सो को प्रति रक्षा संस्थाद्धारा पहल गरिने छ ।

**धारा - ३०: निष्कृयः-** यस बिधानमा लेखिएका कुराहरु प्रचलित कानून संग बाझिएको हदसम्म स्वतः "निष्कृय" हुँने छ ।

**धारा - ३१: पदावधिः-** प्रारम्भिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय कार्य समितिहरुको सम्बन्धित सम्मेलनद्धारा निर्वाचित कार्य समितिको "पदावधि = ३ बर्षको" हुँने छ । बिशेष परिस्थिति आई परेमा प्रारम्भिक कार्य समितिको जिल्ला कार्य समितिले र जिल्ला कार्य समितिको क्षेत्रीय कार्य समितिले बढीमा = १ बर्ष सम्मको लागि "पदावधि" थप गर्न सक्ने छ ।

क्षेत्रीय र यूके केन्द्रीय कार्य समितिको हकमा त्यस्तो परिस्थिति आई परेमा सोही समितिले बढीमा = १ बर्ष सम्मको लागि कार्य गर्न सक्ने छ, तर त्यस्तो निर्णयलाई आगामी युके केन्द्रीय परिषदमा पेश गरी अनुमोदन गराउँनु पर्ने छ ।

**धारा -३२: ब्याख्याः-** यस बिधान र नियमावलीहरुको अन्तिम ब्याख्याकार यूके केन्द्रीय कार्य समिति हुँने छ । सो उपर चित्त नबुझेमा आगामी यूके केन्द्रीय सभामा पुनराबेदन गर्न सक्ने छ ।

**धारा -३३: कर्मचारीको नियुक्तिः-** यस संस्थाले कर्मचारीको नियुक्ति कार्य समितिले तोके अनुसार अध्यक्षले गर्ने छ ।

**धारा -३४: खारेजी र बचाउः-** यो संशोधित बिधान लागु हुनु भन्दा अगाडि संस्थाको बिधान अनुसार गरिएका काम कारबाही यसै बिधान अनुसार गरिएको मानिने छ ।

**धारा -३५:** कार्य कारिणी समिति तथा संस्थापक पदाधिकारीहरुः